# सङ्ग्रामबहादुर सार्की कथामा सबाल्टर्न

गोकुल पोखरेल, उपप्राध्यापक
त्रिवि, पाटन संयुक्त क्याम्पस, ललितपुर

**लेखसार**

*प्रस्तुत अध्ययन सबाल्टर्न चेतनासँग सम्बन्धित छ । सङ्ग्रामबहादुर सार्की कथामा रहेका सबाल्टर्न वर्गको अध्ययनमा प्रस्तुत आलेख केन्द्रित छ । सबाल्टर्न सदियौँदेखि अर्थ, शिक्षा आदिबाट वञ्चित रहँदै किनारीकृत भएर बाँच्न बाध्य वर्गको खोजी गर्छ । प्रस्तुत अध्ययन पनि नेपाली समाजमा स्थापित प्रभुत्वशाली संस्कृतिले सदियौँदेखि दलित भनी किनाराकृत बनाएको सार्की जातिको अध्ययनमा केन्द्रित छ । कथाकार खगेन्द्र सङ्ग्रौलाले सार्की जातिको प्रतिनिधित्व गराएर उनीहरू जातीय, शैक्षिक आर्थिक र सांस्कृतिक रूपमा कसरी बसौँदेखि किनाराकृत बन्दै आइरहेका छन् भनी कथाका माध्यमबाट कलात्मक रूपमा चित्रण गरेका छन् । सङ्ग्रामले शिक्षार्जनको क्रममा बेहोर्नु परेको प्रभुत्वशाली संस्कृतिको दबदबालाई यो कथाले कारुणिक रूपमा व्यक्ति गरेको छ । नेपालका कथित दलित भनिएका जातिहरूको समग्र पक्ष्यको जानकारी दिन यो कथा सक्षम रहेको छ । समाजमा दलितहरू कसरी शोषित पीडित हुँदै आइरहेका छन्, उनीहरूका हक अधिकारहरू प्रभुत्वशाली वर्गले कसरी कुण्ठित गरिरहेको छ, त्यसलाई चुपचाप सहन किन बाध्य छन् भन्ने यावत् कुरा प्रस्तुत अध्ययनले देखाएको छ । उनीहरू जातीय, आर्थिक, राजनैतिक, शैक्षिक र सामाजिक पहुँचको अवस्था र त्यसमा उनीहरूको प्रतिनिधित्वको कोणबाट समेत प्रस्तुत अध्ययनमा हेर्ने प्रयत्न गरिएको छ । यसका साथै बिस्तारै दलित भनिएका सबाल्टर्न वर्गहरूमा उदाउँदै चेतनाको लहर तथा शोषण र दमनको विरोधमा उत्रने प्रतिरोधी चेतनाको पनि विकाश हुँदै गएको प्रसङ्गसमेत प्रस्तुत अध्ययनमा केलाइएको छ । सबाल्टर्नप्रति लेखकीय दृष्टिकोण र स्थानसमेत निरूपण गरिएको छ ।*

**शब्द कुञ्चिका :** सबाल्टर्न, किनारीकृत, संस्कृति, हेजेमोनी, सीमान्तकृत, प्रतिरोध, चेतना ।

**परिचय**

प्रस्तुत अधययन मूलतः दुई शोद्य पक्षसँग सम्बन्धित छ । सङ्ग्रामबहादुर सार्की कथा र सबाल्टर्न नै यसका मुख्य शोध्य विषयहरू हुन् । अतः: यी दुई शोद्य पक्षहरूको जानकारी दिनु आवश्यक देखिन्छ ।

सङ्ग्रामबहादुर सार्की कथाकार खगेन्द्र सङ्ग्रौलाद्वारा रचित कथा हो । आधुनिक नेपाली भाग ३ मा यसको सङ्कलन गरिएको छ । कथाकार सङ्ग्रौलाको कथा लेखन मूलतः : मार्क्सवादी सौन्दर्यबाट प्रभावित छ । त्यसैले उनी प्रगतिवादी चिन्तनलाई आफ्ना कथाहरूलाई निष्ठापूर्वक उतार्न प्रतिबद्ध रहने कथाकारका रूपमा परिचित छन् । 'सङ्ग्रामबहादुर सार्की' पनि प्रगतिवादी चिन्तनमा आधारित रहेर लेखिएको कथा हो । यो कथाको रचना २०५२ सालमा भएको हो र यसलाई ' कलम ' पत्रिकाले सार्वजनिक प्रकाशनमा ल्याएको हो । यसमा मूलतः तत्कालीन समाज व्यवस्थाले दलितको संज्ञा दिएको 'सङ्ग्रामबहादुर सार्की' लाई केन्द्र बनाएर सामन्तवादी समाज व्यवस्था र त्यसका आडमा हुने गरेका शोषण, दमन, अन्याय, अत्याचारलाई कारुणिक रूपमा प्रस्तुत गरेको छ । तत्कालीन समाज व्यवस्थाको पृष्ठभूमिमा निर्माण भएको संस्कृतिले वर्गीय र जातीय दृष्टिले किनारीकृत हुनपुगेका र आवाज नसुनिएकाहरूको अवस्था यस कथामा चित्रण छ । सबाल्टर्न अध्ययनका लागि कथा उपयोगी हुने देखिएकाले यसको छनोट गरिएको हो ।

सबाल्टर्न कुनै पनि समाजमा शासक वा शक्ति केन्द्रबाट सदियौँदेखि शोषित, दमित र किनाराकृत भई अत्यन्त पछौटे जीवन व्यतीत गर्न विवश पारिएका वर्गलाई बुझाउँछ । यस्ता वर्गहरू आर्थिक, लैङ्गिक, जातीय परालैङ्गिक लगायत हुने गर्दछन् । सबाल्टर्नहरूको आवाज दमित गरिएको हुन्छ । उनीहरूको राज्यको मूलधारसम्म आफ्ना कुराहरू राख्नबाट वञ्चित गरिएका हुन्छन् अथवा राख्न दिए पनि उनीहरूको आवाज वा मा राज्यसत्ताले सुन्न वा सम्बोधन गरिदिनबाट वञ्चित गरिएका हुन्छन् । सबाल्टर्न अङ्ग्रेजी शब्द हो र यसले राज्यको मूलधारको प्रवाहभन्दा बाहिर रहेका वर्गीय, जातीय, लैङ्गिक वर्गहरूको किनारीकृत अवस्थालाई लैङ्गिक वर्गहरूको किनारीकृत अवस्थालाई सङ्केत गर्छ । इटालेली मार्क्सवादी/नवमार्क्सवादी चिन्तक आन्तेनियो ग्राम्चीद्वारा प्रस्तुत सबाल्टर्नसम्बन्धी मान्यतामा केन्द्रित रहेर निर्धारित कथाको विश्लेषण गरिएको छ ।

## समस्याकथन

प्रस्तुत अध्ययनको मुख्य शोद्य समस्या 'सङ्ग्रामबहादुर सार्की' कथामा सबाल्टर्न रहेको छ । साहित्य आस्वाद्य विषय मात्र नभएर प्राज्ञिक ज्ञानको विषय पनि भएकोले साहित्यिक कृतिको शोधमूलक अध्ययन गर्न सकिने सन्दर्भमा खगेन्द्र सङ्ग्रौलाद्वारा रचित 'सङ्ग्रामबहादुर सार्की' कथालाई सबाल्टर्न चेतनाका दृष्टिले अध्ययन गर्नुलाई नै मुख्य शोद्य समस्या बनाइएको छ । प्रस्तुत शोध समस्याको प्रमाणिक र प्राज्ञिक समाधानमा पुग्नका लागि निम्न लिखित शोध प्रश्नहरूसँग सम्बन्धित सामग्री सङ्कलन र त्यसको उचित विश्लेषण गरी शोधकार्य सम्पन्न गरिएको छ :

क. 'सङ्ग्रामबहादुर सार्की' कथामा वर्गीय र जातीय सबाल्टर्नहरूको अवस्था के कस्तो छ ?
ख. उक्त कथामा प्रभुत्व र प्रतिरोधको चेतनालाई के कसरी प्रस्तुत गरिएको छ ?

## अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनका निम्न लिखित उद्देश्यहरू रहेका छन् :

क. 'सङ्ग्रामबहादुर सार्की' कथामा वर्गीय र जातीय सबाल्टर्नहरूको अवस्थालाई चित्रण गर्नु
ख. उक्त कथामा रहेका प्रभुत्व र प्रतिरोधको चेतनालाई प्रस्तुत गर्नु ।

## सैद्धान्तिक आधार

सबाल्टर्न अध्ययनको राज्यले मूलधारबाट सदियौँदेखि किनारीकृत भएका वा सीमान्तकृत भएका वर्गहरूको अध्ययनलाई जनाउँछ । कुनै पनि समाज शासक र शासितबाट सञ्चालित हुन्छ । सबाल्टर्न शासित वर्गको अध्ययनसँग सम्बन्धित संस्कृतिबाट सधैँभरि कुनै न कुनै रूपमा उत्पीडनमा परेका हुन्छन् । उनीहरू शक्ति केन्द्रको मूलधारबाट किनारीकृत बनाइएका हुन्छन् । यस्ता वर्गहरू उत्पादन सम्बन्ध र त्यसको वितरणबाट सधैँभरि किनारीकृत भएका हुन्छन् । उत्पादन सम्बन्धमा उनीहरूको पहुँच केवल उत्पादन सहयोगीका रूपमा मात्र हुन्छ । त्यसबाट प्राप्त हुने प्रतिफल, साधनको बाँडफाँड र उपभोगमा उनीहरूलाई किनारीकृत गरिएको हुन्छ । प्रभुत्वशाली संस्कृतिले लादेको ज्ञान र सत्यलाई नै स्वीकार्न बाध्य पारिएको हुन्छ । उनीहरू आवाजविहीन हुन्छन् । प्रभुत्वशाली संस्कृतिको विरोध गर्न सकेको हुँदैनन् । उनीहरूको आवाज दबाइएको हुन्छ । उनीहरूले आवाज उठाए पनि प्रभुत्वशाली संस्कृतिले त्यो आवाज सुन्दैन र सम्बोधन गर्दैन । यस्ता किनारीकृत वर्गहरूमा सदियौँदेखि दमन शोषण, अन्याय, अत्याचार भइरहेको हुन्छ । अङ्ग्रेजी शब्द सबाल्टर्न सदियौँदेखि शासित, आवाजविहीन तथा इतिहासविहीन वर्गलाई बुझाउँछ ( श्रेष्ठ, २०६८, पृ. १) । यस परिभाषाले सबाल्टर्नहरू सधैँभरि राज्यको मूलधारबाट एकातिर

पछाडि पारिँदै आएका र आवाजविहीन बनाएको इतिहासविहीन बनाएको र सम्पूर्ण अधिकारबाट वञ्चित भएर अत्यन्त निकृष्ट जीवनयापन गरी रहन बाध्य भएको समुदायलाई सबाल्टर्न वा किनारीकृत समुदायका रूपमा परिभाषित गरेको छ । यस्ता सबाल्टर्न वा आवाज विहीनहरू खासगरी आर्थिक राजनैतिक, सामाजिक, धार्मिक, शैक्षिक र समग्र सांस्कृतिक रूपले कुनै न कुनै दमन र उत्पीडनमा परिरहेका हुन्छन् । त्यति मात्र नभएर जातीय, लैङ्गिक, परालैङ्गिक रूपमा पनि राज्यको अभिजात्य संस्कृतिबाट प्रताडित बनेका हुन्छन् । उनीहरूले देशको विकासमा प्रभुत्वशाली वर्गको भन्दा धेरै योगदान दिएका हुन्छन् तर विडम्बना उनीहरूको इतिहास रहेको रहँदैन । उनीहरूको योगदान र मूल्याङ्कनलाई पाखा लगाइन्छ र प्रभुत्वशाली वर्गकै पक्षपोषणमा इतिहास लेखिन्छ । त्यसैले सबाल्टर्नहरू इतिहासविहीन भएका छन् । त्यस्ता इतिहासविहीन भएका वर्गहरूको उत्थानका लागि पनि सबाल्टर्न वर्गको आफ्नै इतिहास लेखन गर्ने उद्देश्यले सन् १९८२ देखि दक्षिण एसियामा सबाल्टर्न अभियानको रूपमा सञ्चालनमा आएको हो – श्रेष्ठ, २०६८, पृ. २ ) । यस तथ्यले सबाल्टर्न अध्ययन सुरु हुनुको मुख्य कारणलाई सङ्केत गरेको छ । त्यस्तै अभि सुवेदी (२०६८) का अनुसार सबाल्टर्नको अध्ययन गर्नेले विशिष्ट, उपेक्षित इतिहासका खण्डहरूलाई अध्ययन गर्नु पर्छ भन्ने मानेकाले इटालीका मार्क्सेली स्वतन्त्र चिन्तक अन्तोनियो ग्राम्चीबाट सबाल्टर्न शब्द लिइएको हो । मानिसहरू गरिब र सर्वहारा अनि समाजका पछाडिएका र सीमान्तकृत मानिसहरूको पर्यायका रूपमा सबाल्टर्न अध्ययन केन्द्रित रहेको छ । समाजमा धेरै वर्ष अगाडिदेखि उपेक्षित रहँदै आएका दलित, जातीय, वर्गीय रूपमा गरिब तथा आर्थिक, लैङ्गिक, सामाजिक सांस्कृतिक रूपमा किनाराकृत बनाएका समुदायको अध्ययनमा केन्द्रित अध्ययन नै सबाल्टर्न अध्ययन हो । सत्ता, शक्ति, वर्चस्व, आधिपत्य मुठ्याएर केन्द्रले कहिल्यै आफू समान हुन दिँदैन, परपरै पन्छाएर त्यो माथि अरनखटन र आफ्नै योजना मात्र कार्यान्वित गरिरहन्छ (सुब्बा, सन् २०११, पृ. ८३) । यस तथ्यले किनाराकृतहरू लादिएको वर्चस्वमा सधैँभरि पेलिँदै, हेपिदैं र पछाडि पारिँदै आएको सत्य निरूपित हुन्छ । त्यस्तै लिङ्गगत रूपमा समाजमा नारीहरू पनि सबाल्टर्न हुन पुगेका छन् । पुरुषप्रधान समाज व्यवस्थाबाट स्थापित भएको प्रभुत्वशाली संस्कृतिले महिलालाई सधैँ कमजोर पारेको छ । पुरुष स्वार्थ अनुकूल नीति नियम र आचरणहरू बनाएर सदियौँदेखि महिलालाई कमजोर बनाएको छ । यस सम्बन्धमा सुब्बाको कथन छ प्रत्यक्ष र आक्रामक लिङ्गीय आग्रहका आधारमा पुरुष जातिले आफू क्रियाशिल, सामर्थ्यवान, विवेकशील, आँटी र सिर्जनशील हुनुको आफ्नो परिचय विकास्दै, थोपर्दै लगेको छ भनी स्त्री स्वभावलाई सामान्यतया भीरु, कमजोर, अबला, भावुक, ग्रहणकर्ता र पारम्परिक चिनाइएको छ (सुब्बा, सन् २०११, पृ. १२ ) यस तथ्यले महिलाहरू पुरुषप्रधान समाजले स्थापित गरेको प्रभुत्वशाली संस्कृतिमा सदियौँदेखि उत्पीडित बन्दै आएको, किनारीकृत बन्दै आएको स्पष्ट हुन्छ । त्यस्तै जातीय रूपमा पनि जनजातिहरू कैयौँ समय अघिदेखि राज्यको मूलधारबाट किनारीकृत बन्दै आएका छन् । प्रभुत्वशाली संस्कृतिले थोपरेको जबरजस्तको संस्कृतिलाई सहमतीय प्रक्रियामा स्वीकार्न बाध्य भएका छन् । एक बहुसङ्ख्यक वा कमजोर जातिलाई दबाउने, पन्छाउने कार्य गरिरहेको छ (सुब्बा, सन् २०११, पृ. १२) प्रभुत्वशाली जातिको प्रवाहमा कमजोर जातिको प्रभावमा कमजोर जाति सधैँ किनारीकृत हुन बाध्य पारिएको तथ्य यसबाट पुष्टि हुन्छ । सबाल्टर्न यतिमा मात्र सीमित छैन । शक्तिशाली राष्ट्रले अर्के कमजोर राष्ट्रलाई उपनिवेश वा नव उपनिवेशका रूपमा थिचाइको व्यवहार गर्दा कमजोर देशहरूको पनि सबाल्टर्न वर्गमा जोडिन पुग्छन् (कोइराला,२०७०, पृ.४९ ) । सबाल्टर्न देशभित्रको वर्गीय, जातीय, लिङ्गीय सम्पन्न र विपन्न, शिक्षित र अशिक्षित वर्गसँग मात्र सीमित नभएर अन्तर्राष्ट्रिय स्तरमा पनि व्याप्त छ । उपनिवेश र उपनिवेशकका बिचमा पनि जो उपनिवेश हुन्छ त्यो शक्तिशाली राष्ट्रबाट सबाल्टर्न हुन पुग्छ । वास्तवमा सबाल्टर्न द्वैध वैपरीत्य (बाइनरी अपोजिसन ) मा आधारित छ । कुनै पनि कुराको केन्द्रले द्वैध वैपरीत्य उब्जाउने गर्छ । सुविधा सम्पन्न/वञ्चित, गर्वित/लुब्ध, नर/नारी, सभ्य/असभ्य,

पाश्चात्य/प्राच्य आदि अगिल्लोले आफ्नो क्षमता जति स्थापित गर्दै जान्छ पछिल्लो उति नै किनारातिर धकेलिँदै जान्छ (सुब्बा, २०११, पृ. २०) । यही सबाल्टर्न सम्बन्धी सैद्धान्तिक मान्यताका आधारमा सङ्ग्रामबहादुर सार्की कथाको वर्गीय र जातीय सबाल्टर्नको अवस्थालाई केलाइएको छ ।

## सीमाङ्कन

प्रस्तुत अध्ययन खगेन्द्र सङ्ग्रौलाद्वारा लिखित सङ्ग्रामबहादुर सार्की कथाको सबाल्टर्न अध्ययनमा केन्द्रित रहेको छ । सबाल्टर्न अध्ययन पनि विभिन्न तथ्यमा केन्द्रित रहेर गर्न सकिन्छ तर यस अध्ययनमा यस कथामा प्रयुक्त भएका पात्रको जातीय, वर्गीय प्रभुत्व र प्रतिरोधको अवस्थाका आधारमा विश्लेषण गरिएको छ । यो नै यस अध्ययनको सीमा हो ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन कार्यमा उठाइएका शोध प्रश्नहरूको तथ्यपूर्ण, वस्तुनिष्ठ र प्रमाणिक समाधानका लागि निम्न अध्ययन विधिहरू उपयोग गरिएको छ :

## सामग्री सङ्कलन विधि

प्रस्तुत शोध समस्याको प्रमाणिक र प्राज्ञिक समाधानका लागि पुस्तकालयीय स्रोतअन्तर्गत रहेर प्राथमिक र द्वितीयक सामग्रीहरू सङ्कलन गरिएको छ । प्राथमिक स्रोतअन्तर्गत खगेन्द्र सङ्ग्रौलाद्वारा लिखित सङ्ग्रामबहादुर सार्की कथा र सबाल्टर्न अध्ययनको ग्राम्चीद्वारा प्रस्तुत आधारभूत सिद्धान्तलाई अवलम्बन गरिएको छ । त्यस्तै द्वितीयक स्रोतअन्तर्गत सबाल्टर्न अध्ययनसँग सम्बन्धित भएर गरिएका पूर्व कार्यहरूलाई ग्रहण गरिएको छ ।

## सैद्धान्तिक आधार

प्रस्तुत अध्ययन सङ्ग्रामबहादुर सार्की कथामा रहेको सबाल्टर्नहरूको अवस्था चित्रण गर्नमा केन्द्रित छ । त्यसैले यस अध्ययनका लागि सांस्कृतिक अध्ययन अन्तर्गतका विभिन्न सिद्धान्त र मान्यतामध्ये इटालेली मार्क्सवादी सौन्दर्य चिन्तक ग्राम्चीद्वारा प्रस्तुत सबाल्टर्न अध्ययनलाई उपयोग गरिएको छ । सबाल्टर्न वर्गको वर्गीय र जातीय अवस्था तथा प्रभुत्व र प्रतिरोधको अवस्थाका आधारमा यस कथाको विश्लेषण गरिएको छ ।

## सामग्री विश्लेषण विधि

प्रस्तुत अध्ययनमा सङ्कलन गरिएका सामग्रीहरूको उचित विश्लेषण र मूल्याङ्कनका लागी व्याख्यात्मक र विश्लेषणात्मक प्रविधिको उपयोग गरिएको छ । सङ्कलित सामग्रीलाई विश्लेषण गर्ने सैद्धान्तिक आधार सबाल्टर्न चेतना रहेको छ । शोध प्रश्न क र ख सँग सम्बन्धित भएर सङ्कलन गरिएका सामग्रीलाई सबाल्टर्न अध्ययनको सैद्धान्तिक आधारको उपयोग गरी विश्लेषणात्मक प्रक्रियाद्वारा विश्लेषण र मूल्याङ्कन गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।

## सामग्रीको विश्लेषण

प्रस्तुत अध्ययनमा सबाल्टर्न सम्बन्धी वर्गीय, जातीय तथा उत्पीडनका विरुद्ध प्रतिरोध चेतनाको उपयोग गरी निर्धारित सामग्रीको विश्लेषण गरिएको छ ।

## कथा रचनाको पृष्ठभूमि र कथन सन्दर्भ

सङ्ग्रामबहादुर सार्की कथा २०५२ साल कलम पत्रिकामा प्रथम पटक प्रकाशित भएको हो । यो कथा २०५२ सालभन्दा धेरै अघि लेखिएको हो । किनभने यहाँ मुख्यतः मुखिया र रैतीको प्रसङ्ग छ । त्यसैले यो कथा पञ्चायती शासन व्यवस्थाको पृष्ठभूमिमा लेखिएको कथा हो । २०४६ सालको राजनैतिक परिवर्तन पछि गाउँका राजाकै रूपमा रहेका मुखियाहरूको अधिकार सीमित भएको तथा यस कथामा मुखियाले जे जस्ता कार्य गरेको छ र गर्ने चेतावनी दिएको छ त्यसका आधारमा ऊ गाउँको सबैभन्दा ठूलो स्वेच्छाचारी प्रशासकको हैसियतमा देखिने हुँदा सामन्तवादी पञ्चायती समाज व्यवस्थाको पृष्ठभूमिमा लेखिएको कथाका रूपमा लिन सकिन्छ ।

यस कथाको मुख्य कथन सन्दर्भ विद्यालयमा कथित उपल्लो जाति र तल्लो जातिका बालबालिकाबिचको झगडालाई लिएर निर्माण भएको देखिन्छ । सङ्ग्रामबहादुर सार्कीको बाबु स्कुल निर्माण गर्ने क्रममा सहयोग गर्ने महत्त्वपूर्ण व्यक्ति भएकाले शिक्षकले तिम्रो छोरो पनि विद्यालयमा भर्ना गर्नु भनी आग्रह गरेपछि सङ्ग्रामबहादुर सार्कीको औपचारिक विद्यालय जीवन सुरु हुन्छ । सुरुमा सिँगाने नाम राखिदिन्छन् । गाउँका ठूलाबडा र कथित उच्च जातिकाहरू बेन्चमा बस्ने तर सङ्ग्रामबहादुर भुइँमा बोरा ओच्छयाएर बस्नु परेको विभेदीकारी सन्दर्भ कथाले प्रस्तुत गरेको छ । सरले पानी परेर उसको बस्ने आसन र ठाउँ नै हिलाम्मे भएपछि अरू विद्यार्थी सरह बेन्चमा राख्न खोज्दा कमलकृष्ण लगायतका कथित सम्भ्रान्त वर्गीय र उपल्लो जातिका विद्यार्थीले विरोध गर्छन् र राई सरले बल प्रयोग गरी बेन्चमा राख्ने क्रममा कमलकृष्णले कक्षा बहिष्कार गर्छ । सार्कीको छोरो र उपल्लो जातिका विद्यार्थीलाई राई सरले एकै ठाउँमा राख्यो भनी गाउँभरि सनसनी फैलन्छ र उपल्लो जातकाहरू क्रुद्ध हुन्छन् । गाउँका मुखिया माइला बा (विजयकान्त अधिकारी ) ले राई सरलाई सार्कीका छोरालाई भुइँमै बोरा ओछ्याएर नपढाए कि सरलाई डाँडो कटाउने कि स्कुलमा आगो लगाइदिने धम्की दिन्छ । राई सरले कुनै हालतमा यो विभेद विद्यालयमा लागू नहुने प्रतिवाद गरेपछि तनावग्रस्त अवस्थामा राई सर र मुखिया छुट्टिन्छन् । भोलिपल्टदेखि फेरि सङ्ग्रामबहादुरलाई भुइँमै बोरा ओछ्याएर बस्न बाध्य पारिन्छ । यसले शिक्षाको स्वाभिमानमा चोट पुग्छ । अक्षय तृतीयाको दिन सबै मिलेर विद्यालयको कम्पाउन्ड ठूलो पार्ने काम हुन्छ । सबै विद्यार्थीहरू काममा जुट्छन् । सबै भन्दा धेरै काम सङ्ग्रामले गर्छ । सबै भन्दा ठूलो ढुङ्गो सङ्ग्रामले पल्टाउँछ सबै भन्दा ठूलो गैँती सङ्ग्रामले चलाउँछ र उपस्थित सबै जनालाई चकित तुल्याउँछ । खाजा खाने क्रममा सातु घाँटीमा अड्किएपछि धारामा गएर पानी खाने क्रममा मुखियाको छोरो कमलकृष्णले अछुतले धारो छोयो भनी पिट्छ । त्यसपछि दुबैको झगडा पर्छ । सङ्ग्रामले पनि कमलकृष्णलाई प्रतिरोध गर्ने क्रममा कमलकृष्ण गोबरमा मुख पर्ने गरी पछारिन्छ । यस घटनाले फेरि समाजलाई दुई चिरामा विभक्त गर्छ । एकातिर राई सरको पक्षमा मोर्चा बन्छ जसले मुखियाको अत्याचारको विरोध गर्छ भने अर्कोतिर सङ्ग्रामबहादुरलाई उचाल्ने राई सर नै हो भनी उसका विरुद्धमा कथित सभ्रान्त र उपल्लो जातिहरूको मोर्चा बन्छ । अन्त्यमा विद्यालयमै ठूलो हूलदङ्गा हुन्छ । राई सरको पक्ष्यको मोर्चा सबल बन्न पुग्छ । मुखियाले हार्छ । भोलिपल्टदेखि विद्यालय सुचारु हुन्छ । सबै बेन्चमा बस्छन् । जातीयताको पर्खाल विद्यालयबाट समाप्त हुन्छ । यही पृष्ठभूमि र कथन सन्दर्भमा प्रस्तुत कथा रचिएको छ ।

## सबाल्टर्न वर्गको वर्गीय अवस्था

सङ्ग्रामबहादुर सार्की कथामा आएको म कमलकृष्ण, राई सर, मुखिया सङ्ग्राम, बेन्चमा बस्ने उच्च वर्गका विद्यार्थीहरूले वर्गीय पात्रको प्रतिनिधित्व गरेका छन् । यसमध्ये पनि सङ्ग्रामबहादुर सार्की र उसको बुवा राई सर वर्गीय रूपमा सबाल्टर्न पात्र हुन् । एकातिर जातीय रूपमा सदियौँदेखि सार्की लगायतका तथाकथित दलितहरू सामन्तवादी समाज व्यवस्था राष्ट्रिय राजनीतिलगायत विभिन्न कोणबाट किनारीकृत

पारिएका छन् भने ती जातिहरू उत्पादन सम्बन्ध र उत्पादित वस्तुहरूको अन्यायपूर्ण वितरणका कारण आर्थिक रूपमा पनि किनाराकृत हुन पुगेका छन् । त्यस्तै गरी वर्गीय र जातीय रूपमै तत्कालीन समयको सामन्तवादी प्रभुत्वशाली संस्कृतिले निर्माण गरेको विमर्शबाट उनीहरू हेजेमोनाइज्ड हीनताबोधी चेतना उत्पादन भएको देखिन्छ । माथि बेन्चमा बसेका छन् मुखियाका छोरा र सुब्बाका छोरा । तिनका हात हातमा बठाका किनारा जडेका छरिता स्लेट पारी र पाटीमा छन् लेख्ने नरम चक । सङ्ग्रामेको पाटीमा घण्टको रालो जत्रो ढुङ्गे खरी ढसमस्स सुतेको छ । खरीको एक छेउ छेडेर छालाको धागो उनिएको छ । धागाको अर्को छेउ पाटीको घाँटीमा बेरिएको छ । धागाको अर्को छेउ पाटीको घाँटीमा बेरिएको छ । पाटी पुछ्ने एउटा झत्तो छ । सङ्ग्रामे घरी भित्तो पुस्छ घरी सिँगान (चौथो अनुच्छेद ) भन्ने कथन सन्दर्भले सुब्बा र मुखियाका छोराहरूको ठाउँ र रवाफ एकातिर देखाएको छ भने अर्कोतिर सङ्ग्रामबहादुरको आर्थिक अवस्थालाई देखाएको छ । कथित तल्ला जातिहरू एकातिर जातीय रूपमै सबाल्टर्न बनाएका छन् भने अर्कोतिर उनीहरू आर्थिक रूपले सबाल्टर्न छन् । राई सरले सङ्ग्रामको बुवालाई छोरो स्कुलमा भर्ना गर्नु भन्दा केही बेर अनकनाउनु र सोच्नुका पछाडि छोरालाई विद्यालयमा भर्ना गर्दा बुझाउनु पर्ने शुल्क तिर्न नसक्ने अवस्था पनि उतिकै सशक्त छ । उसले आनाकानी गर्नुका पछाडि तल्लो जातले पढ्नु हुँदैन भन्ने सङ्केत पनि गरिरहेको छ । नेपालको तत्कालीन पञ्चायती सामन्तवादी समाज व्यवस्था, त्यसको केन्द्रमा रहेको राज संस्थाले निर्माण गरेको एउटा प्रभुत्वशाली संस्कृतिले सङ्ग्रामबहादुर सार्की जस्ता कैयौँ तथाकथित दलितहरू एकातिर जातीय रूपमा चरम विभेद र उत्पीडन खेप्न बाध्य बनाएका छन् भने अर्कैतिर आर्थिक रूपमा उनीहरू अत्यन्त अमानवीय र कष्टप्रद जीवन भोग्न बाध्य भएका छन् । सङ्ग्रामको बाबु विद्यालय बनाउने मजदुर वर्गको प्रतिनिधित्व गर्ने पात्र हो । निम्न साक्ष्यले यस कुराको पुष्टि गर्छ : स्कुलका खाँबो गाड्ने डाँडाभाटा जोड्ने मध्येको एकजना उसको बुवा पनि थियो (पाँचौं अनुच्छेद ) । निम्न आर्थिक अवस्था भएका वर्गहरूले आफ्ना रोजीरोटीका लागि गर्नुपर्ने कार्यको सङ्केत यस साक्ष्यले गरेको छ । कथामा वर्णित भएका समाज व्यवस्था र त्यस व्यवस्थाले निर्माण गरेको प्रभुत्वशाली संस्कृतिले विद्यालय निर्माण गर्न सङ्ग्रामबहादुर सार्कीलाई लगाए पनि उसको श्रमको उचित मूल्य दियो भन्ने कुनै आधार छैन । उसले प्रभुत्वशाली वर्गका सन्तान पढ्ने विद्यालय श्रमदानमै गरिदिन त बाध्य भएको छ तर उसले आफै निर्माण गरेको विद्यालयमा उसको छोरो अत्यन्तै तिरस्कृत र उपेक्षित भएर पढ्न बाध्य भएको छ । यसबाट पनि सङ्ग्रामबहादुरको सिङ्गो परिवार वर्गीय रूपमा सबाल्टर्न बन्नु परेको अवस्था छ । त्यस्तै वर्गीय रूपमा सङ्ग्रामबहादुरको परिवार सबाल्टर्नको अर्को साक्ष्य मुखिया र राई सरका बिचको निम्न संवादबाट प्रस्ट हुन्छ । राई सरको अस्ति ताकेको दोहोरो कुटाकुटको कथा कचहरीलाई सुनाए । आखिर उनले भने आलाकाँचा केटा हुन् । आज लर्छन् भोलि मिल्छन् । मिल्दैनन् माइला मुखिया प्वाक्क बोली हाले मुखियाको छोरो र गन्देको छाउरो आन्द्रा गाँसेर कहाँ मिल्छन् । ( पृ.६६ ) । यस साक्ष्यले एकातिर सार्की जाति जातीय रूपमै सबाल्टर्न बनाइएको अवस्थाको सङ्केत छ भने मुखियाको छोरो र गन्देको छोरो कहाँ मिल्छन् भन्ने मुखियाको हुङ्कारमा वर्गीय पर्खाल रहेको छ । तत्कालीन समाज व्यवस्थाले निर्माण गरेको प्रभुत्वशाली संस्कृति कुनै हालतमा पनि निम्न वर्ग र जातिसँग सम्झौता गर्ने पक्ष्यमा छैन । सधैँभरि उक्त प्रभुत्वशाली संस्कृति निम्न वर्गलाई किनारीकृत गर्ने र उत्पीडन सहिरहन बाध्य बनाउने पक्षमा छ । त्यस्तै राई सर पनि यस कथामा सबाल्टर्नका पक्षमा आएको छ । उसको आर्थिक अवस्था मध्यम वर्गीय रहेको छ । उच्च वर्गीय संस्कृति भएका सुब्बा र मुखियाका छोरा र मुखियाले उसलाई किनारीकृत गर्ने प्रयास गरेका छन् । राई सरको कुरो सुन्न न त मुखिया चाहन्छ न त उसको छोरो कमलकृष्ण नै राई सरले सम्झाएको र अर्ती दिएका ज्ञान लिन नै चाहन्छ । त्यसैले यस कथाको राई सरले समतामूलक कक्षा र पठनपाठन लागू गर्न चाहेको योजना तुहिएको छ । उच्च वर्गीय मुखिया खलकको प्रभुत्वशाली संस्कृतिमा राई सर सबाल्टर्न बन्न बाध्य भएको छ । यसको प्रमाण अघिल्लो

दिन बोरा र भुइँको बसाइबाट बेन्चमा बसाइएको सङ्ग्राम भोलिपल्ट पुनः यथास्थानमा बस्न आइ पुग्नु नै रहेको छ ।

यसरी यस कथामा सङ्ग्रामको परिवार मूलतः वर्गीय रूपले सबाल्टर्न वर्गको प्रतिनिधित्व गर्ने पात्रका रूपमा आएका छन् । तथाकथित दलित जाति र उनीहरू सदियौँदेखि उत्पीडनकारी र विभेदकारी सामन्तवादी प्रभुत्वशाली संस्कृतिको चपेटामा परी किनारीकृत र सीमान्तकृत भई केन्द्रीय राज्य सत्ता, राष्ट्रिय सरोकारका विषय तथा राष्ट्रिय राजनीति, शैक्षिक, सांस्कृतिक आदि हरेक कोणबाट उपेक्षित हुँदै आउनु परेको अवस्थाको चित्रण छ । सदियौँ देखिको यस वर्गीय असमानतालाई चुपचाप सहन बाध्य बनाइएका वर्गीय सबाल्टर्नको प्रतिनिधित्व यी पात्रहरूले गरेका छन् ।

**सबाल्टर्नको जातीय अवस्था**

सङ्ग्रामबहादुर सार्की कथामा जातीय सबाल्टर्न अत्यन्त सशक्त रूपमा देखाइएको छ । यसको प्रतिनिधित्व सङ्ग्रामबहादुर र उसका बाबुले गरेको छ । ऊ सामन्तवादी समाज व्यवस्थाले निर्माण गरेको तथाकथित जातीय संज्ञाअनुसार दलित जातिको प्रतिनिधित्व गर्ने पात्र हो । दलित जातअन्तर्गत पनि सार्कीको प्रतिनिधित्व गरेको छ । सार्की भएकै कारणले समाजमा उसको कुनै सामाजिक हैसियत र भूमिका छैन । सङ्ग्रामको त आफ्नो नाम पनि छैन । विद्यालयमा भर्ना गर्न आएको प्रसङ्गको निम्न संवादबाट यस कुराको पुष्टि हुन्छ । नाम के हो ? भर्ना कापी पल्टाउँदै सरले सोधे । ... विष्ट सर सङ्ग्रामेका बाबुले मनको मुन्टो नुहेको खिन्न स्वरमा भन्यो निम्छराको के नाउँ हुन्थ्यो ? बोलाउने नाउँ त्यही सिँगाने हो (पृ.६७ ) यस साक्ष्यले प्रभुत्वशाली सामन्तवादी तत्कालीन संस्कृतिबाट दलित भनिएका जातिहरू आफ्नो नामबाट समेत वञ्चित हुनु परेको र यसमा निम्न जातिलाई हीनताबोध र उपेक्षा बोध गर्न बाध्य बनाई दलित जातिलाई आफ्नो प्रभुत्वशाली संस्कृतिको हेजेमोनाइज्ड बनाइएको पुष्टि हुन्छ । निम्छाराको के नाउँ हुन्थ्यो भन्ने सङ्ग्रामका बुवाको अभिव्यक्तिमा सदियौँदेखि सामन्तवादी समाज व्यवस्थाले निर्माण गरेको संस्कृतिले दलित भनिएकाहरू स्वयम् नै मानसिक रूपमा उपेक्षित बनाइएका छन् । निम्छोरो मानिस नै नभएको हुनाले उसको नाम राखे पनि र नराखे पनि फरक पर्दैन । तल्ला जातहरू दास सरह भएकाले उनीहरूको स्वतन्त्र अस्तित्व स्वीकार गर्नै नसक्ने प्रभुत्वशाली संस्कृतिलाई दलित भनिएकाहरूले पनि ग्राम्चीको प्रभुत्वको सिद्धान्तले भने झैँ अज्ञानतावश नै स्वीकारेको अवस्था देखिन्छ । यसको अर्को प्रमाण राई सरले छोरालाई पढाउन विद्यालय पठाइदिनु भनी अनुरोध गर्दा सङ्ग्रामको बुवाले दिएको निम्न अभिव्यक्तिले यस तथ्यको पुष्टि गर्छ : के पढ्छ निचा जातले ? सङ्ग्रामको बाबुले आफैलाई हियाउँदै सरको सोधाइको उत्तर दियो (पृ ६७०) । सङ्ग्रामको बाबुले निचा जातले पढ्नु हुँदैन भनी दिएको अभिव्यक्ति सदियौँदेखि दलित जातीयताको खाडल र निम्न जातिहरूलाई सामाजिक, आर्थिक, राजनैतिक लगायतका हरेक कोणबाट बहिष्कृत गरिरहनु पर्छ भन्ने अभिव्यक्तिबाट नजानिँदो ढङ्गमा भेदिएको छ । निचा जातले पढ्नु हुँदैन भन्ने प्रभुत्वशाली संस्कृतिको पक्षपोषण आफू त्यो वर्गको नभए पनि गरिरहेको छ । यसबाट प्रभुत्वशाली संस्कृतिको प्रभावमा परेर स्वयम् आफैँ पनि मानसिक रूपले सबाल्टर्न बनिन बाध्य भएका जातीय रूपले निम्न वर्गको प्रतिनिधित्व सङ्ग्रामको बाबुले गरेको छ । प्रस्तुत कथामा निर्माण गरिएको समाजमा रहेको प्रभुत्वशाली संस्कृति दलित भनिएका जातहरूप्रति अत्यन्त अनुदार र असहिष्णु प्रकृतिको देखिन्छ । मुखिया र सुब्बाका छोरा बेन्चमा खुट्टा हल्लाएर आकर्षक सिलेटमा चकले लेखिरहँदा सङ्ग्राम सार्की भएकै कारणले भुइँमा बोरा ओच्छ्याएर एक्लै बसी खरी ढुङ्गाले भद्दा पाटीमा लेखिरहेको छ । साउनको झरीमा भिजेको बोरामा पानी जमेको स्थानमा भैँसी आहाल बसेझैं बसेर पढ्नु पर्ने अत्यन्त हृदयविदारक र कारुणिक घटना यसमा देखाइएको छ । यस्तो अवस्थामा उपल्लो जाति भनिएकाहरूले उसप्रति कुनै सहानुभूति देखाएका छैनन् बरु सरले सङ्ग्राम पनि हामी

जस्तै मान्छे भएकाले भेदभाव गर्नु हुँदैन भनी मुखियाको छोरासँगै बेन्चमा बसाउन खोज्दा कमलकृष्णले दिएको यो अभिव्यक्तिले दलित भनिएका जातिहरू उच्च भनिएका जातिबाट कसरी किनारीकृत बनाइएका छन् भन्ने प्रस्ट हुन्छ : भन यो मानिस हो कि हैन ? होइन । कमलकृष्णको बोली घृणापूर्वक वायुमण्डलमा विस्फोट भयो । यो गन्दे हो सडेको सिनु खाने गन्दे ( पृ .१०० ) । यस साक्ष्यले कसरी निम्न भनिएको दलित सार्की जाति प्रभुत्वशाली संस्कृतिबाट उत्पीडनमा परिरहेको छ भन्ने प्रस्ट हुन्छ । मुखियाको छोरो कमलकृष्ण सङ्ग्रामलाई मान्छे मान्ने तयार छैन । सामन्तवादी सीमित उच्च वर्गका व्यक्तिहरूबाट आफ्नो अनुकूल निर्माण गरिएको आडम्बरयुक्त संस्कृतिबाट कमलकृष्ण र उसको वर्ग प्रभुत्वशाली बनेको छ । ऊ आफूभन्दा तल्लो जातलाई मानिसकै कोटामा राख्न तयार छैन । ऊ दलित भनिएको सार्की जातिलाई मान्छे मान्ने तयार छैन भने अर्कोतिर उक्त सार्की जातिलाई गन्दे सडेको सिनु खाने जस्ता अत्यन्त निर्दयी र तिरस्कारपूर्ण संज्ञाहरूको प्रयोग गरेको छ । यस कुराले पनि दलितहरू मानसिक रूपमै अपमान बोध गरिरहेको र त्यसकै प्रभाव स्वरूप हेजेमोनाइज्ड भई निम्छाराको नाम हुँदैन, निचाले पढ्नु हुँदैन भन्ने भ्रम पाल्न बाध्य बनाइएको देखिन्छ । त्यसैगरी विभिन्न प्रसङ्गमा सङ्ग्राम विरुद्ध दिएका टिप्पणीले पनि प्रभुत्वशाली संस्कृतिले दलित भनिएकाहरूलाई कसरी सीमान्तकृत र किनारीकृत बनाइरहेको छ भन्ने प्रस्ट हुन्छ । केही साक्ष्यहरूले यसको पुष्टि गर्छन् :

> मुखियाका मुखबाट हुङ्कार फुटयो : गन्दे सार्कीका छोरालाई बेन्चीमा बसाएर मेरो छोरालाई निकाला गर्ने (पृ. १०२) ? यो कुजातले बिद्ये बन्द गर्नु पर्छ (पृ.१०३) । मुखियाको छोरा र गन्देको छाउरो आन्द्रा गाँसेर काँ मिल्छन् (पृ. १०४) ?

मुखियाका उल्लिखित अभिव्यक्तिले सामन्ती समाज व्यवस्थामा निर्माण भएको प्रभुत्वशाली वर्गको संस्कृतिले दलित र निम्न भनिएका जातिहरूप्रति हेर्ने दृष्टिकोण र गर्ने व्यवहारलाई छर्लङ्ग पारेको छ । खास गरी हिन्दू समाजको कामका आधारमा जातको विभाजन गरी जातिकै आधारमा सानो र ठूलो बनाउने अनि त्यसलाई हतियार बनाएर निम्न जातका भनिएकाहरूलाई सधैँ आफू अनुकूल बनाइएका मूल्य मान्यताका आधारमा दास बनाइ राख्ने घृणित मान्यताले एउटा वर्ग सधैँ जातीय सबाल्टर्नको पीडामा छटपटाई रहेको छ ( कोइराला,२०६६:५१) । यसको पुष्टिका लागि जातीय आधारमा कसैले पनि कसैलाई भेदभाव गर्नु हुँदैन भन्दा मुखियाले मनु महर्षिलाई उद्धृत गर्दै दिएको अभिव्यक्ति उपयुक्त हुन्छ ।

> मास्टरलाई होच्याउने सुरले मुखियाले भने –मनु महर्षिले के भनेका छन् थाहा छ (पृ. १०३, पृ. १०६) ? ईश्वर भगवानका अर्ती कहिल्यै पुराना हुँदैनन् (पृ. १०८) ।

यस साक्ष्यले जातीयताको खाडल हिन्दू धर्मको वर्णाश्रम व्यवस्थाको आडमा निर्माण गरिएको पुष्टि हुन्छ । यही हिन्दू धर्मबाट प्रभावित सामन्तवादी समाज व्यवस्थाले प्रभुत्वशाली संस्कृति अनुरूप निर्माण गरेको जातीयताको विभाजनकै कारण सङ्ग्रामबहादुर सार्कीहरू सदियौँदेखि सीमान्तकृत र किनारीकृत बन्दै आइरहेको र उनीहरू माथि प्रभुत्वशाली वर्गले यही हिन्दू सामन्तवादी वर्णाश्रम व्यवस्थाका आडमा उत्पीडन गरी उनीहरूलाई सबाल्टर्न बन्न बाध्य पारेको निष्कर्ष कलात्मक अभिव्यक्तिका माध्यमबाट प्रस्तुत गरिएको छ ।

## प्रभुत्वशाली संस्कृति र सबाल्टर्न वर्गको प्रतिरोध चेतना

सङ्ग्रामबहादुर सार्की कथामा दुईवटा संस्कृतिहरू प्रस्तुत भएका छन् । एउटा हिन्दू सामन्तवादी समाज व्यवस्थाको आडमा कथित उपल्ला भनिएका जातहरूको अनुकूल संस्कृति छ जसले सदियौँदेखि आफू भन्दा

निम्न जात भनिएकाहरू माथि अन्याय, अत्याचार र उत्पीडन गर्दै आएको छ । यसलाई कथा विश्लेषणका क्रममा प्रभुत्वशाली संस्कृति भनिएको छ । त्यस्तै त्यस प्रभुत्वशाली संस्कृतिको चेपुवामा परेर निम्न भनिएका जातिहरूमा निर्माण भएको सबाल्टर्न संस्कृति रहेको हेजेमोनी र उपेक्षाको सिद्धान्त लागू भएको छ । यिनै दुई संस्कृति यस कथामा आएका छन् । यस कथामा प्रभुत्वशाली संस्कृतिको प्रतिनिधित्व मुखिया बा, सुब्बाको छोरो कमलकृष्णले गरेको छ भने सबाल्टर्न संस्कृतिको प्रतिनिधित्व सङ्ग्राम र उसको बाबु गरेको छ । प्रभुत्वशाली संस्कृतिले दलित भनिएकाहरूलाई सधैँभरि उत्पीडनमा राखेको र मानिसको दर्जा दिन समेत हिच्किचाएको प्रसङ्ग यस कथामा छ । मुखियाको छोरो र गन्देको छाउरो आन्द्रा गाँसेर मिल्दैनन् भन्ने मुखियाको कथनमा आफ्नो सन्तान चाहिँ छोरो हुने र दलितको सन्तान चाहिँ गन्देको छाउरो हुने उत्पीडनकारी र विभेदकारी संस्कृति प्रस्ट रूपमा झल्किएको छ । सधैँभरि निम्न वर्ग र निम्न जातिलाई हेपिरहने र किनारीकृत बनाइरहने नीति प्रभुत्वशाली वर्गको छ । प्रभुत्वशाली संस्कृतिको आडमा निम्न वर्ग र कथित तल्ला जातिमाथि हैकम र प्रभाव जमाई उसलाई पनि अप्रत्यक्ष रूपले प्रभुत्वशाली संस्कृति लाद्न चाहने मुखियाको सामाजिक प्रभुत्व बारे टिप्पणी गदै कथाकारले भनेका छन् – माझा घरे माइला मुखिया लर्तरा मानिस थिएनन् । उनी थिए गाउँका जोडा बिनाका राजा । देशका राजासित अनेकौँ अदृश्य सूत्रहरूले गाउँका राजाको नाता गाँसिएको देशका राजा कस्ता हुनन् भनी कल्पना गर्दा यस विकट पाखाका मानिसहरू माझ घरे माइला मुखियाको बान्की, उनको धनदौलत, उनको है हुकुम, उनको हङ्कारलाई बढाए चढाइ गरेर हेर्थै ( पृ १०२ ) । यस साक्ष्यले मुखियाको प्रभुत्वलाई देखाएको छ भने त्यही प्रभुत्वबाट निम्न वर्गीय र तल्ला भनिएका जातिहरू माथिको हैकम, उत्पीडन, शोषण, अत्याचारलाई सङ्केत गरेको छ । यस कथामा सबाल्टर्नहरू प्रभुत्वशाली संस्कृतिलाई चुपचाप सहने पक्षमा छैनन् । सबाल्टर्नहरूले प्रभुत्वशाली संस्कृतिका विरुद्ध आवाज उठाएका छन् । कथाको सुरुमा हिनताबोध र उपेक्षाको महसुस गरेका वर्गीय र जातीय सबाल्टर्नहरू कथाको मध्यतिर आइपुग्दा प्रभुत्वशाली संस्कृतिको प्रतिरोध गर्ने अवस्थामा पुगेका छन् भने कथाको अन्त्यमा त प्रभुत्वशाली संस्कृतिलाई पूर्ण रूपमा निषेध गरेर आफ्नो उपस्थिति कायम गर्न सफल भएका छन् । सुरुमा सङ्ग्रामको बाबुले दिएको अभिव्यक्तिमा प्रभुत्वशाली संस्कृतिका कारण आफूमा उत्पन्न हीनतालाई देखाउन सकिन्छ :

के पढ्छ निचा जातले ( पृ९७) । निम्छाराको पनि के नाउँ हुन्थ्यो ( पृ. ९८ ) ?

कथाको प्रारम्भमा प्रभावशाली संस्कृतिलाई सहने सबाल्टर्नहरू कथामा राई सरको सशक्त उपस्थितिसँगै बदलिँदै गएका छन् । राई सरले दिएको उचित सल्लाह र सहयोगबाट सङ्ग्रामको बाबु छोरालाई स्कुल पठाउने तथा स्कुलका गतिविधिमा सक्रिय सहभागिता जनाएको छ । सुरुसुरुमा मुखिया र सुब्बाका छोराले गन्दे, सिनो खाने भनी हेलाँ गर्दा चुपचाप सहने सङ्ग्राम धाराबाट पानी खाँदा पिट्ने मुखियाको छोरो कमलकृष्णको अत्याचार सहन नसकेर उसमाथि जाइलाग्नु सबाल्टर्न वर्गले प्रभुत्वशाली संस्कृतिको अन्याय सहन नसकेर प्रतिरोधमा उत्रिएको प्रमाणका रूपमा सङ्ग्रामको बाबुले सभामा बोलेका निम्न साक्ष्यहरू प्रतिरोध चेतना दृष्टान्तका रूपमा लिन सकिन्छ :

> अँ ... सङ्ग्रामको बाबु अघि सर्यो – बड हाम्रा छोरालाई चाइने ङ्याक्न पाइने ? बड... । पिर्थी माताको कोखबाट झरेको पानी खाँदैमा त्यसरी भुत्ल्याउन पाइने ? एउटाले हात नछाडे अर्काले त्यसै लात छाड्छ (पृ. १०७) ? राई सरको छेउमा उभिएर सङ्ग्रामको बाबुले जवाफ धमाधमै दियो – म पनि सक्छु आगो लाउन खाँबो ठड्याउने म, बलो हाल्ने म, बेन्ची धरी बनाउने म, मैरै छोराले बेन्चीमा बस्नु नपाउने ? राताराता आँखाले मुखियाका झन् राता आँखा ताकेर उसले सोध्यो - के कुकुरको छोउरो हो मेरो छोरो (पृ. १०८ )?

माथिको साक्ष्यले सबाल्टर्न वर्गमा जागृत भएको अन्याय प्रतिरोधी चेतनालाई देखाएको छ । मुखिया प्रभुत्वशाली संस्कृतिका अन्याय र अत्याचारलाई वर्गीय र जातीय सबाल्टर्नका रूपमा रहेको सङ्ग्रामको बाबुले चुपचाप सहेको छैन । त्यसको खुलेर विरोध गरेको छ । उसको आवाज अत्यन्त सशक्त रूपमा कथामा व्यक्त भएको छ । उसको विरोधले जागरण ल्याएको छ । फलतः सदियौँदेखि सङ्ग्रामको परिवारझैँ प्रभुत्वशाली संस्कृतिबाट उत्पीडनमा परेकाहरूले मुखियाको उत्पीडनकारी संस्कृति र चरित्रको विरोध गरेका छन् । दलित भनिएकाहरूलाई उच्च भनिएका जातिहरूले गर्ने निकृष्ट व्यवहारमा परिवर्तन ल्याउन सफल भएको छ । मुखियाको अत्याचार सदाको लागि अन्त्य भएको छ । शासक वर्ग र शासित वर्गको समूह निर्माण भई परस्पर द्वन्द्व हुँदा शासकहरू पराजित भएका छन् । सङ्ग्रामको बाबुले प्रभुत्वशाली हैकमका विरुद्ध बोलेको आवाज एउटा युग परिवर्तनको संवाहक भएर आएको छ । हिजोसम्म बोरामा भुइँमा बस्ने सङ्ग्राम आजदेखि मुखिया र सुब्बाका छोरा सरह बेन्चमा बस्ने अवस्था सिर्जना भएको छ । त्यसैले यस कथामा सबाल्टर्न वर्गको प्रतिरोध चेतनालाई मार्क्सवादी द्वन्द्वसँग सम्बन्धित गरी अन्ततोगत्वा शासित वर्गले प्रभुत्वशाली वर्गको उत्पीडन र अन्यायबाट आफूलाई मुक्त गरी समतामूलक समाज निर्माणको दिशामा अगि बढेको दृश्य प्रस्तुत गरिएको छ । यस्तो अभिव्यक्ति नाराका रूपमा नभएको उपयुक्त कथानक योजना, त्यसलाई निश्चित फलागमसम्म पुर्याउन आउने चरित्र, उनीहरूको मुख्य कार्यस्थल र समय तथा वातावरण जस्ता वस्तु विन्यास अनि त्यसलाई अभिव्यक्त गर्ने शिल्प विधानका माध्यमबाट कलात्मक र प्रभावकारी रूपमा अत्यन्त आस्वाद्य, सौन्दर्यमय र कलायुक्त भई प्रस्तुत भएको छ ।

**निष्कर्ष**

कथाकार खगेन्द्र सङ्ग्रौलाद्वारा लिखित सङ्ग्रामबहादुर सार्की कथा सबाल्टर्न अध्ययनका दृष्टिले उपयुक्त छ । कथाकारले यस कथामा वर्गीय र जातीय रूपमा सदियौँदेखि उपेक्षित र सीमान्तकृत बनाइएका वर्गको समस्यालाई उठाएका छन् । प्रगतिवादी मान्यता अनुरूप लेखिएको यस कथामा प्रभुत्वशाली संस्कृतिले उत्पीडन सहेर सदियौँदेखि बाँचिरहेको वर्गलाई त्यस संस्कृतिको प्रतिरोधमा उतारेर समतामूलक समाजको स्थापनामा केन्द्रित तुल्याएका छन् । हिन्दू सामन्तवादी वर्णाश्रम व्यवस्थाले निर्माण गरेको जातीयताको उत्पीडन नै यस कथाको कथ्य विषय भएकाले त्यही विषयमा केन्द्रित रहेर सबाल्टर्न वर्गको वर्गीय र जातीय प्रतिनिधित्व मुखिया र सुब्बाका छोराहरूले गरेका छन् । जातीय हिसाबले परम्परागत सामन्तवादी संस्कृतिले अछुत भनी वर्गीकृत गरेको सार्की जातिको प्रतिनिधित्व गराइएको छ । प्रभुत्वशाली वर्गको संस्कृतिबाट सार्की वा कथित दलित जातिहरू सदियौँदेखि राज्यको मूलधारबाट किनारीकृत बनेको र राज्य आफ्नो पनि हो । भन्ने महसुस गर्न नसकिरहेको अवस्थामा यस कथाले एउटा जागरणको लहर ल्याई यस कथामा रहेको प्रभुत्वशाली संस्कृतिको अन्त्य गरी सबाल्टर्नका माथि उठाउने प्रयत्न गरिएको छ । यसमा प्रगतिवादी मान्यता अनुकूल द्वन्द्व वा प्रतिरोधको अवस्था सिर्जना गरी सबाल्टर्न वर्ग र प्रभुत्वशाली वर्गका बिचमा वर्गीय र जातीय द्वन्द्व पश्चात् प्रभुत्वशाली संस्कृतिलाई हटाएर दलित जातिको सामाजिक पहिचान र हैसियत स्थापित गर्ने प्रयत्न गरिएको छ । सुरुसुरुमा ज्ञानको अभावमा प्रभुत्वशाली संस्कृतिप्रति हेजेमोनाइज्ड भएका पात्रहरू पछि त्यसको प्रतिरोधमा उत्रिएको अवस्थामा यस कथामा पाइन्छ । यसमा सहमतीय आधारका विपरीत द्वन्द्वात्मक वा प्रतिरोधका आधारमा सबाल्टर्नहरूले आफ्नो अधिकार प्राप्त गरेको अवस्था देखाइएको छ । यस कथाले एकातिर जातीय रूपमा दलितहरूको बिल्ला भिराएर सार्की लगायतका जातिहरूलाई सदियौँदेखि उत्पीडनमा पारिएको तथा अर्कोतिर ती जातिको आर्थिक अवस्था अत्यन्त दयनीय भएको यथार्थ प्रस्तुत गरेको हुँदा यो कथालाई सबाल्टर्न अध्ययनका दृष्टिले सबाल्टर्न मैत्री कथाका रूपमा लिन सकिन्छ । यसका साथै सबाल्टर्न वर्गको वर्गीय र जातीय अवस्था, उनीहरूको पहिचान

र स्थान, प्रभुत्व र प्रतिरोधका आधारमा यो कथा सबाल्टर्न मैत्री कथा रहेको छ । यसलाई कथाको स्वरूप प्रदान गरी कलात्मक सौन्दर्यमार्फत अभिव्यक्त गरिएकाले अत्यन्त आस्वाद्य पनि रहेको छ ।

## सन्दर्भसूची


उप्रेती, सञ्जीव (२०६८). *सिद्धान्तका कुरा.* काठमाण्डौ : अक्षर क्रिएसन ।

कोइराला, नरेन्द्र (२०६६). मायो च्याङ्बा मायो असिनामा पयो कथाको सबाल्टर्न विश्लेषण. *प्राज्ञिक संसार.* १६, ४८–५३ ।

गौतम, देवी प्रसाद र कृष्णप्रसाद घिमिरे (२०६८, सम्पा.). *आधुनिक नेपाली कथा भाग ३.* ललितपुर : साझा प्रकाशन ।

पाण्डेय, ताराकान्त (२०६८). साल्गीको बलात्कृत आँसु कथाको सांस्कृतिक अध्ययन. *मिर्मिरे.* ६(३), १८–२५ ।

श्रेष्ठ, तारालाल (२०६८). *शक्ति, स्रस्टा र सबाल्टर्न.* काठमाडौं : डिस्कोर्स पब्लिकेसन ।

सुब्बा, मनप्रसाद र रेमिका थापा (सन् २०११). *किनारा विमर्श.* दार्जिलिङ : गामा प्रकाशन ।